सर्वोच्च अदालत
काठमाडौं

## सम्माननीय प्रधानन्यायाधीशसँग संयुक्त राज्य अमेरिकाका राजदूतको भेट

सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू सँग संयुक्त राज्य अमेरिकाको नेपालस्थित राजदूत His Excellency Randy W. Berry ले शिष्टाचार भेट गर्न चाहनुभएको व्यहोरा उल्लेख गरी नेपालस्थित संयुक्त राज्य अमेरिकाको राजदूतावासबाट मिति २०७५।०९।२७ (तदनुसार २०१९।०१।११) मा पठाइएको Note अनुरुप परराष्ट्र मन्त्रालबाट सोही मितिमा सर्वोच्च अदालतमा अनुरोध भईआएको थियो।

सोही बमोजिम मिति २०७५।११।१४ गते विहान १०:३० बजेका लागि समय तय भई सर्वोच्च अदालतको विशिष्ट कक्षमा सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यू र संयुक्त राज्य अमेरिकाको राजदूत His Excellency Randy W. Berry बीच शिष्टाचार भेट भयो। शिष्टाचार भेटमा संयुक्त राज्य अमेरिकाका राजदूतले सम्माननीय प्रधानन्यायाधीशज्यूलाई बधाई दिनुका साथै सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो। सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले महामहिम राजदूतज्यूलाई धन्यवाद दिदै नेपाल र संयुक्त राज्य अमेरिकाको सम्बन्ध अझ बढी सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

भेटवार्तामा सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार, रजिस्ट्रारद्वय, प्रधानन्यायाधीशज्यूको सचिवालयका अधिकृतहरु तथा परराष्ट्र मन्त्रालय लगायत अमेरिकाको राजदूतावासका प्रतिनिधिहरु समेत उपस्थित हुनुहुन्थ्यो।

२०७५ साल फागुन १५ गते, बुधबार।